बैठक नं:-२१

आज मिती २०७६।०७।१५ गते शुक्रवारको दिन प्रदेश नं. ५ क
प्रमुख सचिव श्री तोय नारायण ज्ञवालीको अध्यक्षतामा नियमित
सचिव बैठक बसी देहायबमोजिमको निर्णयहरु भयो।

उपस्थिती :

| | |
|---|---|
| श्री तोय नारायण ज्ञवाली | प्रमुख सचिव प्रदेश नं:-५ |
| श्री राजेन्द्र थापा | सचिव मु.म. तथा म.प. काय |
| श्री शंकर प्रसाद खरेल | सचिव आ.मा. तथा का. मन्त्रा |
| श्री राधा वाग्ले | सचिव उ.प. व. तथा वा. मन्त्राल |
| श्री थानेश्वर ज्ञवाली | नि. सचिव सामाजिक विकास मन्त्राल |
| श्री तिलक बहादुर खड्का | नि. सचिव आ.मा. तथा यो. म |
| श्री भिमार्जुन पाण्डे | नि. सचिव भौ. पू. वि. मन्त्रालय |
| श्री सुरेश आचार्य | नि. सचिव भू. कृ. तथा सहकारी |

आमन्त्रीत

| | |
|---|---|
| श्री यमकान्त पाण्डेय | उपसचिव मु.म.तथा म.प. कार्याल |
| श्री ज्ञानहरी घिमिरे | उपसचिव " " |

# प्रदेश सरकार
## प्रदेश नं ५
## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
### बुटवल, नेपाल

सचिव बैठक न : ५१
मिति: २०७६।०७।१५

**उपस्थिति**

| | | |
|---|---|---|
| श्री तोयनारायण ज्ञवाली | प्रमुख सचिव, | प्रदेश नं ५ |
| श्री राजेन्द्र थापा | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री शंकर प्रसाद खरेल | सचिव | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| श्री राधा वाग्ले, | सचिव, | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| श्री तिलक वहादुर खडका | नि.सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| श्री सुरेश आचार्य, | नि.सचिव, | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय |
| श्री भिमार्जुन पाण्डे | नि.सचिव | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| श्री थानेश्वर ज्ञवाली | नि.सचिव | सामाजिक विकास मन्त्रालय |

**आमन्त्रित**

| | | |
|---|---|---|
| श्री यमकान्त पाण्डेय | उपसचिव, | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री ज्ञानहरी घिमिरे | उपसचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री प्रेम वहादुर गौतम | अधिकृत सातौं | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

**निर्णयहरु**

१. डेंगु रोगका सम्वन्धमा ।

क. सामाजिक विकास मन्त्रालयले प्रदेशका विभिन्न जिल्लामा फैलिएको डेंगु रोगका विरामीहरुको सहज र प्रभावकारी उपचारका लागि सरकारी तथा निजी सबै अस्पताल तथा स्वास्थ्य संस्थाहरुलाई प्रभावकारी रुपमा समन्वय गर्ने गराउने। साथै, सो रोगको उपचार र नियन्त्रणको अनुगमनका लागि मन्त्रालयका स्वास्थ्य हेर्ने महाशाखा प्रमुखको

संयोजकत्वमा अनुगमन समिति गठन गरी अनुगमनको प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समेत पठाउने व्यवस्था गर्ने ।

ख. स्थानीय आमसचारसँगको समन्वयमा डेंगु रोगबाट वच्न पूर्व सतर्कता, निदान तथा उपचारको लागि जानकारी एवम् सूचना सम्प्रषणको कार्य आन्तरिक मामिला तथा कानून मन्त्रालयले मिलाउने ।

ग. स्वस्थ, स्वच्छ वातावरण तथा सरसफाई कायम गर्न तथा निजी क्षेत्रबाट संचालित अस्पताल तथा स्वास्थ्य संस्थाहरुको सामाजिक उत्तरदायित्व प्रभावकारी रुपमा निर्वाह गर्न उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले निजी तथा गैर सरकारी संघ संस्थाहरुसँग समन्वय गरी निजी तथा गैर सरकारी क्षेत्रको डेंगु रोगको उपचार र नियन्त्रणमा सक्रियता र सहभागिता बढाउने ।

२. प्रदेश सरकार (मन्त्रिपरिषद) वा मन्त्रालयस्तरबाट स्वीकृत भएका आमसरोकारका ऐन, नियम, कार्यविधि, मापदण्डहरु सवै मन्त्रालयले आ- आफ्नो वेवसाईटमा राखे, अद्यावधिक गर्ने र अभिलेख तथा अनुगमनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समेत एक प्रति पठाउने । ।

३. आगामी फागुन ३, २०७६ मा प्रदेश स्थापनाको दोश्रो वर्ष भव्यताका साथ सम्पन्न गर्न प्रदेश सरकारबाट सम्पादित क्रियाकलापहरुको मुख्य उपलब्धी संलग्न गरी गतवर्ष जस्तै पुस्तिका प्रकाशन गर्नका लागि सवै मन्त्रालयहरुले आफ्नो मन्त्रालयबाट भएका मुख्य उपलब्धीको विवरण तयार गरी आगामी पुष मसान्त भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

<u>सादर अवगतार्थ</u>

माननीय मुख्यमन्त्रीज्यू ।

माननीय मन्त्रीज्यूहरु ।